वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

# प्रेस विज्ञप्ति

मिति : २०६९।०६।१९

नेपाल सरकार मन्त्रिपरिषद्को बिहीबारको बैठकले गम्भीर मानवअधिकार उल्लंघन अपराधका दोषी नेपाली सेनाका महासेनानी राजु बस्नेतलाई सहायक रथीमा बढुवा गरेकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सरकारको यो निर्णयले एकपछि अर्को गर्दै द्वन्द्वका घटनामा गम्भीर मानवअधिकार उल्ल्घनमा मुछिएकालाई सरकार सुनियोजित र योजनाबद्ध रूपमा पूर्ण क्षमादान दिन लागिपरेको पुष्टि हुन्छ ।

सशस्त्र द्वन्द्वकालमा काठमाडौंस्थित भैरबनाथ गणको गणपति हुँदा हिरासतमा राखिएका ४९ जना व्यक्ति बेपत्ता पारेको र सयौंलाई चरम शारीरिक यातना दिएकोमा राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (ओएचसीएचआर) ले अनुसन्धानबाट दोषी ठहर गरी कारबाहीका लागि सिफारिस गरेकोमा कारबाहीको सट्टा सरकारले बढुवा गरेर पुरस्कृत गरिनुले दण्डहिनता पूर्ण रूपमा संस्थागत भएको पुष्टि हुन्छ । सरकारको यो निर्णय शान्ति सम्झौता तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको मर्मविपरीत हुनुका साथै भर्त्सनायोग्य छ ।

एकातिर सरकारले द्वन्द्वकालको बेपत्ता लगायतका घटनाको सम्बोधन गर्न भन्दै अध्यादेशमार्फत सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता खोजबिनसम्बन्धी आयोगको विधेयक राष्ट्रपति समक्ष सिफारिस गरेको छ । अर्कोतरि, द्वन्द्वकालको सर्वपरिचित भैरबनाथ घटनामा संलग्नलाई बढुवा गरेर दोहोरो चरित्र देखाइरहेको छ । पार्टी कार्यकर्ताकै विरोध, मानवअधिकार समुदाय र पीडितको दबाबका बाबजुद पनि बस्नेतको बढुवा गरेर डा. बाबुराम भट्टराई नेतृत्वको सरकार दण्डहिनता संस्थागत गर्न लागिपरेको प्रमाणित हुन्छ । स्मरण रहोस, बेपत्ता पारिएका ४९ जना व्यक्ति तथा मानसिक र शारिरीक यातना पाएका सयौं व्यक्तिहरू माओवादी कार्यकर्ता भएकै नाममा प्रताडित भएका थिए ।

सशस्त्र द्वन्द्वमा गम्भीर मानवअधिकार उल्लंघनमा संलग्नलाई उन्मुक्ति दिइनु कुनै पनि हालतमा स्वीकार्य छैन । तसर्थ, सशस्त्र द्वन्द्वका यस्ता विषयमा सक्षम र निष्पक्ष कानुनी संयन्त्रबाट टुंगो नलागेसम्म मानवअधिकार उल्लंघनमा संलग्न अधिकारीहरूको बढुवा रोक्न माग गर्दछौं ।

अहिले नेपाली नागरिकले खोजेको दीर्घकालिन शान्ति हो । द्वन्द्वपीडितको समस्या सम्बोधन विना शान्ति असम्भव छ । तसर्थ, मानवीय संवेदनालाई बुझेर अगाडि बढ्न हामी सरकार, राजनीतिक दल र सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछौं ।

डा. हरिबंश त्रिपाठी
निर्देशक

**Head Office:** Shantiniketan Marga, Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4004007/8 Fax: 4426698
email:info@advocacyforum.org.np, URL: http:// www.advocacyforum.org

**Regional & Branch Offices**

Biratnagar Tel: 977-21-530666 email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-5524342 email:advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 email: advsurkhet@yahoo.com
Rupandehi Tel :071-522402
Nepalgunj Tel: 977-81-526278 email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 email:advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, advdhanusha@yahoo.com
Baglung Tel: 068-520562
Bardia Tel: 084-420691